# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, असार २० गते, २०८१ साल (अतिरिक्ताङ्क ५

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (चौथो संशोधन) आदेश, २०८१

प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (चौथो संशोधन) आदेश, २०८१" रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>दफा १२ मा संशोधनः</u> प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ (यस पछि "मूल आदेश" भनिएको) को दफा १२ को खण्ड (ख) र (ग) को सट्टा देहायको खण्ड (ख) र (ग) राखिएको छः-

"(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

"(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, मानविकी, कानून, सामाजिक विकास, पर्यावरण, विज्ञान, इन्जिनियरिङ्ग, सार्वजनिक प्रशासन, व्यवस्थापन वा सुशासनका विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा सात वर्षको अनुभव हासिल गरेको वा विश्वविद्यालयको प्राध्यापक पदमा वा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरी विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा सात वर्षको अनुभव हासिल गरेको,"

३. <u>दफा १५ मा संशोधनः</u> मूल आदेशको दफा १५ को उपदफा (१) पछि देहायको उपदफा (१क), (१ख), (१ग) र (१घ) थपिएको छः-

"(१क) उपाध्यक्षले अनुसूची-२ बमोजिमको आवास सुविधा पाउनेछ र आयोगले सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

सम्बन्धी निर्देशिका, २०७९ ले तोके बमोजिमको सीमाभित्र रही त्यस्तो आवासको व्यवस्था गर्नेछ।

(१ख) उपदफा (१क) बमोजिमको उपाध्यक्षको आवासका लागि आवश्यक पर्ने फर्निचर तथा फर्निसिङ्को व्यवस्था आयोगले गर्नेछ।

(१ग) उपाध्यक्षले आफू पदमा बहाल रहेसम्म आवासको कामकालागि एक जना कार्यालय सहयोगी नियुक्त गर्न पाउनेछ र त्यस्तो कार्यालय सहयोगी उपाध्यक्षको पदावधि समाप्त भएमा वा कुनै कारणले पदमा वहाल नरहेमा सोही मिति देखी पदबाट स्वतः हट्नेछ।

(१घ) उपदफा (१ग) बमोजिम नियुक्त कर्मचारीलाई आयोगले कार्यालय सहयोगीले पाउने सुरु तलब स्केल बराबरको रकम मासिक पारिश्रमिक बापत निजको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गर्नेछ।"

४. <u>अनुसूचीमा संशोधन तथा हेरफेरः</u> मूल आदेशको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छः-

अनुसूची-२

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक र अन्य सुविधा

| क्र.सं. | सुविधाको प्रकार | एकाइ | उपाध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १ | पारिश्रमिक | मासिक रुपैयाँ | ५७,८२० | ५५,४६० |
| २ | आवास सुविधा | प्रति महिना रुपैयाँ | आवास उपलब्ध गराउने। | आवास दिने - आवास उपलब्ध नभएसम्म २४,००० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| ३ | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ट रुपैयाँ | - | ५०,००० |
| ४ | सवारी साधन | वटा | सवारी साधन-१ (मोटर) | - |
| ५ | यातायात खर्च | प्रति महिना रुपैयाँ | - | २०,००० |
| ६ | सवारी इन्धन | लिटर (मासिक) | १५० | - |
| ७ | मोविल | लिटर (त्रैमासिक) | ७ | - |
| ८ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | ३००० | ३००० |
| ९ | धारा, बिजुली | प्रति महिना रुपैयाँ | २००० (आयोगले भुक्तानी नगरेमा मात्र उपलब्ध गराउने।) | २००० |
| १० | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | २००० | २००० |
| ११ | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | १७५ | १७५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| १२ | यात्रा बिमा | लाख | १० | १० |
| १३ | चाडपर्व खर्च | वार्षिक एकपटक | एक महिनाको पारिश्रमिक बराबरको रकम | एक महिनाको पारिश्रमिक बराबरको रकम |

द्रष्टब्यः आफ्नो घरमा बस्ने उपाध्यक्ष र सदस्यज्यूहरुलाई आवास सुविधा र घर मर्मत खर्च वापत वार्षिक एकमुष्ठ रु. ६०,०००।- (साठ्ठी हजार मात्र) उपलब्ध गराइने छ।

स्वीकृति मितिः- २०८१/०३/२०

आज्ञाले,
विष्णु प्रसाद पौडेल
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np